# मधेशी आयोग

ज्वागल, ललितपुर

प.सं. २०८१।८२

फोन नं: ०१-५२६९१८५

टोलफ्रि नं: १६६००११६१८५

मधेशी आयोग ज्वागल, ललितपुर

मिति-२०८१।०४।३०

# प्रेस-विज्ञप्ति

मधेशी आयोगको छैठौं वार्षिक प्रतिवेदन राष्ट्रपतिज्यू समक्ष पेश भैसकेको छ । प्रतिवेदनको अवधिमा प्राप्त उजुरी मध्ये ९३ प्रतिशत उजुरीमा सिफारिस भएको छ ।छैठौं वार्षिक प्रतिवेदनमा मधेशी आयोगद्वारा सम्पादित मुख्य मुख्य सिफारिस देहाय बमोजिम रहेका छन् ।

सिफारिसहरु :

१. **पहिचान भित्रको पहिचानः-**

जनताको जनअपेक्षानुसार जनरक्षार्थ पहिचान, प्रतिनिधित्व र पहुँचको अवस्थालाई अझ लक्षित वर्गमुखि वनाउन पहिचानभित्रको पहिचान, प्रतिनिधित्वभित्रको प्रतिनिधित्व र पहुँचभित्रको पहुँचको अवस्थालाई कानुनी र व्यवहारिक रुपमा अंगिकार गरी विनियोगमा ल्याएमा सर्वजन हिताय र सर्वजन सुखायको सुखद अवस्था सृजना हुनेछ ।

२. **बैंकिङ्ग लगानी विपन्नमैत्रीः-**

मुलुकमा रहेका वैक तथा वितिय संस्थाहरुको लगानी विपन्नमैत्री नभएको देखिन्छ ।तसर्थ, लगानीको कम्तीमा ५०% रकम अतिविपन्न, विपन्न र मध्यम वर्गमा हुनुपर्ने जसबाट गरीवीको दुरावस्था र दुष्चक्रबाट जनता र मुलुकले त्राण पाउने छ । यसबाट मुलुक उर्द्धगमनतिर लम्किने छ ।

३. **निजामती सेवामा प्राविधिकिकरणः**

मुलुकको चतुर्दिक विकासको लागि प्रविधि र प्राविधिक अत्यावश्यक नै हुन्छ । तर, सो अवस्था हालसम्म देखिएको छैन । तसर्थ, निजामती सेवामा पदपुर्ति हुने संख्याको कम्तिमा ६०% संख्या प्राविधिक बनाई सोहि अनुसार पदपूर्तिको कानुनी व्यवस्था सृजना गरी मुलुक अग्रगमनतिर जानेछ ।

४. **सखडेश्वरी भगवतीलाई विश्व सम्पदा सूचीकृत गर्नः-**

विश्व सम्पदा सूचीमा हालसम्म पनि नपरेका ससरीका सखडेश्वरी/सखडा भगवती शक्तिपीठलाई विश्वसम्पदामा सूचीकृत गरी श्रद्धालु र पर्यटकलाई अझवढि आर्कषित गरी/गराई रोजगार श्रृजना गर्नुपर्छ । यसवाट, स्थानीय तहको आय,प्रदेश सरकार र संघीय सरकारको आय र राजस्वमा

वृद्धि हुनेछ । साथै, भारदह स्थित कंकालिनी माताको मन्दिरलाई राष्ट्रिय सम्पदा सूचीमा सूचीकृत गरी मनग्य आय स्रोतको पुर्वाधार बनाई स्वदेशमै रोजगारीको वातावरण निर्माण हुनेछ ।

५. **उच्च स्तरीय न्यायिक समिति गठन गर्नः-**

०६३/०६४ पछि भएका धार्मिक द्वन्दहरुको अनुसन्धानको लागि उच्चस्तरीय न्यायिक समिति वनाई उत्पन्न द्वन्दको दीर्घकालीन निरुपण गरी मुलुकमा खासगरी तराई-मधेशमा सामाजिक, सांस्कृतिक समन्वय गर्नुपर्ने देखिन्छ । यसबाट मुलुकको अग्रगामी विकास हुनेछ ।

६. **एकद्वार प्रणालीः-**

मुलुकभित्र विभिन्न धार्मिक कार्यका लागि भित्रिने रकम/जिन्सीलाई एकद्वार प्रणालीबाट मात्र भित्राउनुपर्छ । यसबाट मुलुकमा सामाजिक सांस्कृतिक सामंजस्यताको वलियो रुप देखा पर्नेछ ।

७. **सीमा व्यवस्थापनः-**

नेपालसँग जोडिएका सीमा/वोर्डरलाई नियमन गर्नुपर्छ । यसवाट सीमा वारि-पारीका आपराधिक, गैर-कानुनी क्रियाकलापहरुमा नियन्त्रण हुनेछ र मुलुकहरु बीचको चतुर्दिक सम्बन्ध अक्षय हुनेछ ।

८. **नक्षत्रहरुलाई सार्वजनिकिकरणः-**

प्रदेश सरकार, स्थानीय सरकार र संघीय सरकारले कृषिको लागि आवश्यक नक्षत्र आर्दा/अदरा/अरदरा लाई स्थानीय, प्रादेशिक र संघीयरुपमै भव्यताका साथ आयोजना गर्नुपर्ने । यसबाट कृषिमा आधारित नेपालको सामाजिक, सांस्कृतिक र पारम्परिक जीवनमा उर्जा थपिने छ । यसका साथै, बर्षभरिका २८ वटै अश्विनी, भरणी, कृतिका, रोहिणी, मृगशिरा, आर्दा, पुनर्वसु, पुष्य, अश्लेषा, मघा, पुर्वा फाल्गुणी, उत्तरा फाल्गुणी, हस्त, चित्रा, स्वाति, विशाखा, अनुराधा, ज्येष्ठा, मुल, पुर्वाषाठा, उत्तराषाठा, श्रवण, घनिष्ठा, शतभिषा, पुर्वाभाद्रपद, उत्तराभाद्रपद, रेवतीर अभिजीत नक्षत्रलाई वुझ्न र पर्व मनाउन सहजता हुनेछ । यी नक्षत्रहरुमा प्रत्येक घर घरमा रहेका कुलदेवी/कुलदेवताहरुको सामाजिक, सांस्कृतिक, धार्मिक तथा पारम्परिक भावनाहरुसँग जोडि पारिवारिक तथा नैतिक अनुशासनमा सम्वद्ध हुन सहजता हुनेछ ।

९. **पर्यावरण न्यायः-**

पर्यावरणलाई सुरक्षित तथा संरक्षित बनाउन पर्यावरणीय न्यायलाई जनसचेतीकरणको माध्यमबाट अग्रसारित गर्नुपर्छ । यसमा डोजरे विकासमा प्रतिवन्ध लाग्नेछ जसबाट प्रकृति संरक्षणमा सहयोग हुनेछ ।

१०. **मुर्त तथा अमुर्त प्राकृतिक सम्पदाः-**

मुर्त तथा अमुर्त (Tangible & Intangible) प्राकृतिक सम्पदाहरुलाई प्रविधिकै माध्यमबाट नै व्यवहार र आचरणमै विनियोगगरी संरक्षण गर्नुपर्छ । यसवाट मुलुकभित्र रहेका सम्पदाको माध्यमवाट विविधा पर्यटनमा अभिवृद्धि हुनेछ ।

११. **निरपेक्ष गरीवी रेखामुनीलाई वास्तविक पहिचानपत्रः-**

विपन्न वर्गलाई यथार्तता र वास्तविकताको आधारमा वर्गीकरण गरी पहिचानपत्र प्रदान गरी तिनीहरुलाई राज्यको मुलधारमा प्रवाहीकरण हुन्छ ।

१२. **सामाजिक सुरक्षा भत्ताः-**

एकल नागरीक, विधवा/विधुर, ज्येष्ठ नागरीकहरुको संरक्षण मात्र हैन तिनीहरुको अथाह ज्ञान सीपलाई सदुपयोग गरी मुलुक विकासका लागि सदुपयोग गर्नुपर्छ । यसबाट उनीहरुको सम्मान, सत्कार, संरक्षण लगायतको कार्य हुन्छ ।

१३. **प्राकृतिक पर्यटनः-**

नेपालको भूगोलभित्र रहेका वनस्पति, वन्यजन्तु तथा अन्य जीव-जन्तुहरुको संरक्षण गरी वहुआयामिक आय आर्जनबाट मुलुकको तीव्रतम् विकास गर्नुपर्छ । यस कार्यमा सबजनको दायित्ववोध हुनेछ ।

१४. **मातृभाषा दशकः-**

मधेशी समुदायको मातृभाषा दशक आयोजना गर्नुपर्ने । मधेशी समुदायका मातृभाषाहरुलाई अझवढि सशक्तिकरण गर्नको लागि मधेशी समुदायको मातृभाषालाई अभियान तहत नै सबलीकरण र प्रवलीकरणको लागि सचेतनामुलक सहकार्यमा आधारित कार्यक्रमहरुको आयोजना गर्दा मातृभाषाहरुको जन जनसम्म विस्तारिकरण हुन्छ ।

१५. **लोकनायकहरुलाई सुचीकृत गर्नः-**

विभिन्न प्रकारका विभेदहरुवाट समाजलाई त्राण दिन समय समयमा लोकनायकहरु जस्तै दिनाभद्री, वन्ठा चमार, आल्हा-उदल, सलहेश जस्ता नायकहरुलाई जन-जनमा लैजान अध्ययन, अनुसन्धानका साथै पाठ्यक्रम बनाई विद्यालयहरुमा लागु गर्दा तत्कालीन समयको सम्बन्धमा जानकारी हुनुका साथै सामाजिक विभेदवाट त्राण पाउने ज्ञान समेत हुन्छ ।

१६. **कृषिमा आधुनिकिकरणः-**

कृषिमा आधुनिकरण, वैज्ञानिकीकरण, बजारीकरण, सहुलियतीकरण प्रकृया व्यवहार र आचरणमै लागु गर्दा मुलुकको सर्वाङ्गिण विकासमा टेवा पुग्छ ।

मधेशी आयोग ज्वागल, ललितपुर

१७. **सामाजिक न्यायः-**

संविधानको धारा ४२ मा रहेको सामाजिक न्याय सम्बन्धी व्यवस्थालाई प्रभावकारी वनाउन समानता (Equality), समता(Equity) हुँदै न्याय (Justice) मा अपरिहार्य पहुँच आवश्यक हुन्छ । साथै, सामाजिक न्याय सम्बन्धी संरचनाको अनिवार्यतः व्यवस्था गर्नुपर्छ । यसबाट मुलुकको सर्वकालिक विकासमा टेवा पुग्छ ।

१८. **न्यायालयमा मध्यस्थताको अवधारणाः-**

अदालतहरुमा प्रभावकारी मध्यस्थाको व्यवस्था गरी न्यायालयको अवधारणामा लैजानुपर्छ । यसबाट झुठामुद्दाहरुको अवस्थामा न्युनीकरण हुन्छ र देवानीमुद्दाबाट फौजदारी मुद्दामा परिणत हुने अवस्थामा क्रमशः कमि हुनेछ ।

१९. **फोहरबाट मोहरः-**

फोहरबाट मोहरमा परिणत हुने प्रविधिको अनिवार्यतः प्रावधान लागु गर्नुपर्छ । यसबाट आय आर्जनका साथै सर-सफाईमा टेवा समेत पुग्छ ।

२०. **आयुर्वेद उपचार पद्धतिः-**

आर्युवेदलाई उपचारको प्रथम प्रस्थान विन्दु वनाई जनरक्षक स्वास्थ्य सेवाको प्रबन्ध मिलाउन सके जनतालाई राहत हुनेछ ।

२१. **नैतिक शिक्षाको उपयोगः-**

शाश्वत कर्मलाई प्रवन्धन गरी नैतिक शिक्षा तथा नैतिक अनुशासनको व्यवस्था गरी समाजलाई कर्तव्यामुखीतिर डोऱ्याई एकत्वमा समत्व र समत्वमा एकत्वको विकास हुन्छ ।

२२. **शिक्षामा एकद्वार प्रणालीः-**

मुलुकभित्र संचालित शिक्षण संस्थाहरुमा नेपाली, गणित, विज्ञान, नैतिक शिक्षा, संस्कृत लगायतका विषयहरु अनिवार्यतः शिक्षणको व्यवस्थागरी सम्पूर्ण विद्यार्थीहरुमा संसारका संस्कार र पारम्परिक शाश्वत जीवन विधि र पद्धतिको विकास हुन्छ ।

२३. **सोचमा सकारात्मकताः-**

सकारात्मक सोचलाई गुस्तरीय शिक्षासँग, गुणस्तरीय शिक्षालाई व्यवसायिक सीपसँग, व्यवसायिक सीपलाई सर्वसुलभ उत्पादनसँग, सर्वसुलभ उत्पादनलाई अनुकुलन वजारसँग, अनुकुलन वजारलाई व्यवस्थित रोजगारसँग, व्यवस्थित रोजगारलाई मुलुकको समग्र विकाससँग र समग्र विकासलाई जनसमृद्धिसँग कडीकृत गरी लैजानु पर्ने हुन्छ । यसबाट प्रत्येक वर्गलाई स्वस्वामित्वको भावना जागृत भै मुलुकको सर्वपक्षीय विकास हुनेछ ।

२४. बगरलाई उपयोगीकरणः-

नदि, खोलालाई ठोस तटबंधको माध्यमबाट नियन्त्रित गरी वगरमा आधुनिक तवरले वृक्षारोपण र उत्पादनमुलक कृषि कर्मलाई प्रोत्साहन गर्नुपर्छ । यसबाट वगरको सदुपयोग, आयस्ताको स्रोतको विकास र पर्यावरणलाई दीर्घकालीन फाइदा हुनेछ ।

२५. चुरेको संरक्षणः-

चुरेको उत्पति

भूगोलविद् अनुसार, हिमालयको उत्पतिको समयमा थुप्रिएको गेग्रान जुन कमलो माटो थियो त्यसवाट चुरेको उत्पति भएको हो । यसको फेदिमा नदिले वगाएर ल्याएका ढुंगामाटोले बनेको क्षेत्रलाई भावरको समथर भुभाग बनेको छ । यसको निर्माण करीब ४ करोड वर्ष पहिले भएको देखिन्छ । र, यस पर्वतलाई सबभन्दा कमजोर र कान्छो पहाडपनि भनिन्छ ।

के हो चुरे ?

नेपालको भूगोलभित्र तराईको उत्तर तथा महाभारतबाट दक्षिण तर्फको भागलाई चुरे/चुरिया/शिवालिक पर्वत भनिएको छ । नेपालको भूगोल बाहिर बर्तमान पाकिस्तानको इन्दस नदि देखि नेपाल-भारतको ब्रम्हपुत्रसम्म फैलिएको छ । नेपालको कुल क्षेत्रफलको १२.७८% भुभाग यस पर्वतले ओगटेको छ । यसले पुर्व ईलामदेखि सुदुरपश्चिमकोसम्मका ३७ वटा जिल्लामा फैलिएको छ । जम्मा जंगलको करीब ७३% भुभाग यसै पर्वतको सेरोफेरोमा पर्छ ।

चुरेको चरम वेथिति कहिले देखि ?

नेपालमा चुरेको दोहन २०११ सालदेखि शुरु भएको र २०१३ सालमा मलेरिया उन्मुलन अभियान पछि यस क्षेत्रमा मानव वसोवासको क्रम चलेको थियो । २०१८ सालमा तत्कालीन राजा महेन्द्रवाट झोरा क्षेत्रमा वनफडानीगरी भुतपुर्व सैनिकहरुलाई उदयपुर, झापा, मोरंग र सुनसरी जिल्लामा वसोवास गराएका थिए । यस क्षेत्रले ५१% जनसंख्या ओगटेको छ ।

**संरक्षणका लागि गरीएका प्रयास ?**

चुरे संरक्षणको लागि औपचारिकरुपमा २०६७-२०६८ सालदेखि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम शुरु भए र २०७२ साल आषाढ २ गतेदेखि राष्ट्रपति चुरे तराई-मधेश संरक्षण विकास समिति गठनगरी कार्य प्रारम्भ भए । यसले २० बर्षे गुरु योजना निर्माण गरेर पन्चवर्षिय योजना समेत निर्माण गरे जस अनुसार

प्रथम बर्ष ९ अर्ब ८७ करोड

दोस्रो बर्ष १८ अर्ब २४ करोड

तेस्रो बर्ष २१ अर्ब २० करोड

चौथो बर्ष १८ अर्ब ४८ करोड

पांचौ बर्ष १३ अर्ब ५ करोड ९६ हजार

रहेको थियो ।

चुनौती

यस पर्वत र क्षेत्रका ३० हजार घरपरिवार जोखिमा रहेका छन् भने यसको दोहनले तराईमधेशका उपजाउ भुमि कटान, डुवान, पटान र भडान को गम्भिर संकटमा परेको छ । पानीको सतहको अवस्था दयनीय बनेको छ र खोला नालामा संकटै संकट रहेको छ ।

यसलाई संरक्षणगरी प्रकृतिजन्य, मानवजन्य, पर्यावरण न्यायको संकट निवारण हुनेछ ।

२६. **UPR <u>सम्बन्धमा</u>:-**

UPR मा वर्गीय र जातिय आधारमा सहभागी गराउन राज्यले पहल गर्नुपर्ने देखिन्छ । Universal Periodic Review (UPR) विश्वव्यापी आवधिक समिक्षाले कुनै पनि मुलुकले विश्व मन्चमा गरेको प्रतिवद्धता कति को पुरा गरे? वा गरेन? को समिक्षा गर्ने विश्वव्यापी मन्च हो । यसलाई मुलुकको ऐना भनिन्छ जसमा सरकारले आफ्नो मुलुक र सरकारको अनुहार आफै हेर्छ । प्रत्येक मुलुकमा रहेका OHCHR का कार्यालयले यसको सचिवालयको रुपमा काम गर्छ ।

**यस विश्वव्यापी मन्चमा पहुँचको आधार**

क. अल्पसंख्यक

ख. सीमान्तकृत लाई हुने गर्छ । साथै, राज्यको विभेदात्मक व्यवहारले सो लक्षित वर्गलाई के ? कति ? असर पारको छ को आधार लिने गर्दछ । जसमा

क.जातिय विभेद

ख. वर्णीय विभेद

व्यवस्था रहेको छ । यी बुँदाहरुको आधारमा राज्यका संविधान, ऐन, कानुनले गरेको व्यवस्थानुसार मुलुकले के ? कति ? कार्यान्वयन गरेको छ भनि राज्यले आफ्ना लिखित दस्तावेज प्रस्तुत गर्छ र त्यस सम्बन्धमा गैर -राज्यका प्रतिनिधिहरु र अन्य सदस्य मुलुकहरुले प्रति जिज्ञासा गर्ने गर्छ ।

विश्वव्यापी आवधिक समिक्षाले मध्यावधि समिक्षा समेत गर्छ । यसै सम्बन्धमा लगातार नेपालभित्रका राज्य र गैर-राज्यका समिक्षात्मक वैठकहरुमा आयोगको सक्रिय सहभागीता रहेको छ । र, विज्ञहरुसँग यसमा प्रत्यक्ष संलग्नता कसरी हुन्छ ? को सम्बन्धमा समेत गहन विमर्श हुंदै आएको छ । तर, विज्ञहरुले देखाएका UPR प्रदत्त आधारहरुमा समस्या देखिएका छन् ! गैर-राज्यका संस्था तथा राज्यसँगको सहकार्य अहिलेको लागि विकल्पहीन विकल्प रहेको देखिएको छ ।त्यसमा मधेशी आयोगको पहुँच बढाउनु राज्यको प्रथम कर्तव्य रहेको देखिन्छ ।

२७. **विद्युतमा नियमनः-**

विद्युतमा नेपाली जनताको पहुँच वढ्दै गएको सन्देश सकारात्मक रहेको छ । तर, विद्युत प्राधिकरणको लापरवाहि र जनतामा सचेतनाको आभावले दिनप्रतिदिन मृत्युको कारण बन्दैछ । मुलुकमा यो दृश्य/अदृश्य समस्या क्रमशः गम्भिर रुप लिदै गएको छ । खासगरी मधेश प्रदेशमा २०७५ सालदेखि २०८० सालसम्म ४४९ जनाले विद्युतको प्रवाहको कारण ज्यान गुमाएका छन् । विद्युतका कारण ज्यान गुमाएकाहरुले राज्यबाट पाउनु पर्ने उचित परिपुरण समेत पाएका छैन । राज्य र सरोकारवालाहरुले विद्युत प्राधिकरणलाई अझबढि जिम्मेवार वनाई र जनतालाई सचेत वनाई यस्ता मानवकृत विपदलाई निर्मुलीकरण गरी जनआहतलाई जनराहतका रुपान्तरणगरी बाँच्नु पर्ने अधिकार र दायित्वको ग्यारेन्टी हुनेछ ।

२८. **प्रकृति संरक्षणः-**

मानवजन्य कुकृत्यले प्राकृतिकजन्य आपदा-विपदा दिनप्रतिदिन आफ्नो वहुआयामिक कुप्रभाव क्रमशः फैलाइदै गएको छ । कृत्य मानवजन्य व्यवहार र आचरणका लागि राज्यले जनतालाई सजग र सचेतको आचरणतर्फ डोऱ्याई दैवीप्रकोपलाई न्यूनीकरण तर्फ लैजानु पर्ने देखिन्छ । यसबाट प्रकृतिप्रतिको न्याय र जनताको ज्यानलाई सुरक्षा हुन्छ ।

२९. **विदेह सभ्यता:-**

विदेह सभ्यता र अवध सभ्यतामा अनादीकालिन र आदिकालिन उपचार पद्धति (Eternal & Indigenous treatment System) हरुलाई वैज्ञानिक तवरले उपचारका अनिवार्य पद्धतिको रुपमा राज्यले विकास गर्नु पर्छ । यसबाट जनताका जनस्वास्थ्यमा माटोको सुगन्ध अनुसारको अनुकुलन प्राप्त हुनेछ । साथै, जीवन सरल र सहज प्रवाहित भई राज्यलाई अनुपम सहयोग हुनेछ ।

३०. **जनककालिन दरवार:-**

मिथिला महात्म्य अनुसार जनककालीन दरबारका चारैतिर चारवटा महादेवका मन्दिरहरु अवस्थित थिए । पुर्व-दक्षिण कुनामा कल्याणेश्वर मन्दिर, दक्षिण-पश्चिम कुनामा जलेश्वरनाथ मन्दिर, पश्चिम-उत्तरको कुनामा क्षीरेश्वरनाथ मन्दिर र उत्तर-पुर्व कुनामा मठेश्वर/कुशेश्वरनाथ मन्दिर उल्लेख भएको छ । तर, मठेश्वरनाथको मन्दिर वौद्धिक उत्खनन् का विषय वनेका थिए । वर्तमान समयमा सो मठेश्वरनाथ मन्दिरको अवशेषहरु स्थानीय तहका अगुवाहरुको सहयोगमा पुरातत्व विभागको उत्खनन् मा पाइएको छ । सो मन्दिरलाई पुर्णरुपेण उत्खनन गरी तत्तकालिन र पुरातात्विक शैलीमै राज्यले निर्माणगरी मिथिलाका इतिहासलाई संरक्षण गर्नु पर्छ । साथै जनकदरबार र ती मन्दिरहरुलाई सडक पुर्वाधारबाट जोडी जनकमार्ग नामांकरण गर्नु पर्छ । यसवाट श्रद्धालु र पर्यटन क्षेत्रमा कायापलट हुनेछ ।

३१. **आयोगका कार्यक्रमहरु:-**

स्थापनाकालदेखी नै संचालित "नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा " कार्यक्रम तथा सरकारी सेवामा मधेशी समुदायको पहुँच कार्यक्रम पुर्ण प्रभावकारी वनेको छ । यी कार्यक्रमहरुलाई पर्याप्त वजेटका साथ स्थानीय तह, प्रदेश तह र संघीय तहमा कार्यान्वयन गर्नुपर्छ । यसबाट जनता र तहहरुमा नैतिककर्ताको माध्यमबाट नियन्त्रण र समन्वय गर्न सहयोग हुनेछ भनी अर्को तर्फ सरकारी सेवामा यथेष्ठ पहुँचबाट लक्षित समुदायको राज्यप्रति अपनत्व प्राप्त हुनेछ । मुलुकमा भावनात्मक एकिकरणको ठोस आधार प्राप्त हुनेछ ।

३२. **हुलाकी राजमार्गको निर्माणमा द्रुतीकरण :-**

मुलुककै सवभन्दा पुरानो र ऐतिहासिक राजमार्ग हुलाकी राजमार्ग को अवस्था जीर्ण रहेकै छ । पुर्व झापाको कचनकवलदेखि पश्चिम कन्चनपुरको गड्डाचौकीसम्म रहेको यो बाटो राणा शासनकाल, पंचायतकाल, प्रजातन्त्रकाल, लोकतन्त्रकाल र गणतन्त्रकालको प्रत्यक्ष साक्षी रहेता पनि राज्यको उदासीनताको चपेटाबाट निस्किन पाएको छैन । परिणामतः ती क्षेत्र र भूगोलका

वासिन्दाको जीवनस्तर उठ्न सकेको छैन । उचित यातायातका पुर्वाधार नभएकै कारण उत्पादित सामग्रीहरुको उचित मुल्य पाउन सकेको छैन भने गरीबी, अशिक्षा, कमजोर स्वास्थ्य अवस्था, कुपोषण लगायतका विषम अवस्थाबाट गुज्रिन वाध्य भएको छ । तसर्थ, हुलाकी राजमार्गका अधुरो र अपुरो कार्य अविलम्ब सम्पन्न गरी अझवढि प्रभावकारी तवरले मुलुकको निर्माणमा सो भूगोलका जनतालाई सम्पर्कसुत्रमा बाधि जानुपर्ने देखिन्छ ।यसबाट सबै क्षेत्र र भूगोलका जनतामा आपसी र भावनात्मक सम्बन्धको सुदृढिकरण हुनेछ ।

३३. **निजामती सेवामा समावेशीकरणः**

निजामती सेवा मधेशी समुदायको आरक्षित समुहमा अन्तिम प्रवेश वर्ष कम्तिमा भएका व्यवस्था ३५ वर्ष नै राख्नुपर्ने र महिलाको उमेर ४० वर्ष नै राख्नुपर्ने ! यसबाट आरक्षित र लक्षित वर्गको अपेक्षा पुरा हुनेछ । सम्भव भए पुरुष र महिलाको अन्तिम प्रवेश वर्ष ४० र निवृतिभरणको उमेर ६० वर्ष भएमा अनुभवी कर्मचारीहरुको अनुभवलाई झन् राम्रो तवरले सदुपयोग गर्ने सकिन्छ । साथै, वढुवा वा आरक्षित व्यवस्था हाल भएकै व्यवस्था राखि आरक्षणको मुलमर्मलाई जोगाई राख्नु पर्छ ।

३४. **संयुक्त अध्ययन :**

संविधानका भाग २७ तह रहेका संवैधानिक आयोगहरुद्वारा संयुक्त अध्ययन गराइएका नेपालमा समावेशीकरणको अवस्था विषयलाई कार्यान्वनको व्यास्थागरी राज्यमा मधेशी समुदाय लगायत लक्षित वर्गको अपेक्षा र अपनत्वको ग्यारेन्टी गर्नु पर्छ ।

३५. **घरेलु उपचार पद्धतिः**

स्वदेशी उपचार पद्धति [Indigenous Treatment] लाई आधुनिक विधिवाट प्रयोगगरी यस पद्धतिलाई प्रोत्साहनगरी नेपालको भूगोलमा रहेका जडिबुटी लगायतका सामग्रीहरुलाई सदुयोग गर्नु पर्छ । यसबाट एकातिर जनताको स्वास्थ्यमा आमुल परिवर्तन हुनेछ भने अर्कोतर्फ, राष्ट्रिय आयमा वृद्धि, प्रगति र सफलताका आयाम थपिने छ ।

३६. **मधेशी दिवसको तिथि-**

**मधेश दिवसको तिथि सिफारिश देहाय बमोजिमका तिथि सुझाईएका छन :**

- जनक जयन्तीः नेपालका प्रथम विभूति राजा जनक जसलाई विदेह पनि भनिन्छ र उहाँको जन्म अक्षय तृतीयाका दिन भएको र कालान्तरमा त्रेता युगसमेत प्रारम्भ भएको दिनका साथै मधेश भूगोलका मिथिला र अवधमा मात्र होइन सम्पूर्ण वैदिक सनातनीहरुले सोही दिनबाट कृषि कर्म प्रारम्भ गरी नयाँ वर्ष मनाउने गरेको।
- सुगौली सन्धी सन् १८१६ मार्च ४

# मधेशी आयोग

ज्वागल, ललितपुर

प.सं. २०८१।८२

फोन नं: ०१-५२६९१८५

टोलफ्रि नं: १६६००११६१८५

- मधेश प्रदेश स्थापना भएको मिति २०७८ माघ ३ गते
- मधेशी समुदायको स्थायी पहिचान भएको दिन।
- नेपाल सद्भावना परिषद्को गठन मित
- १७७०-८० मा मधेशी शब्द प्रयोग भएको (श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहले तत्कालीन प्रधानसेनापति अभिमानसिंह बस्नेतलाई पत्राचार गर्दा "मधेश नछोड्नु" भन्ने शब्द उल्लेख भएको)
- काठमाण्डौ आउदा पासपोर्ट हटाएको दिन
- २०६२/६३ को दोस्रो जनआन्दोलन भएको दिन २०६२ चैत्र २४
- सीताको जन्म दिन वैशाख शुक्ल नवमी वाल्मीकि रामायणमा आदर्श नारी सीताको जन्म वैशाख शुक्ल नवमी र तिश्य नक्षत्रको योगमा भएको बताइएको छ भने निर्णयसिन्धु' को 'कल्पतरू' मा फाल्गुन कृष्ण अष्टमीको तिश्य योगमा भएको भनिएको छ ।।
- गौतम बुद्धको जन्म दिन ई पू ५६३ जन्म वैशाख शुक्ल पूर्णिमाको दिन (सिद्धार्थ बुद्धको कथा अनुसार उनी पुर्व जन्मका बोधिसत्व भएकोले मानिसको दुःखको कारण र दुःखको निवारण के हुन सक्छन् भन्ने कुरामा निकै संवेदनशील थिए।।
- मधेशी आयोग ऐन जारी भएको दिन २०७४/०६/२७
- मधेश गोश्वारा १९७४
- सर्वोच्चको परमादेश २०७१ फागुन २५
- अन्तरिम संविधान २०६३ जारी भएको दिन
- १९१० को मुलुकी ऐन जारी भएको मिति (नेपाल, पहाड, मधेश शब्द उल्लेख भएको ।
- सरकार र संयुक्त मधेशी मोर्चाबीच ८ बुँदे सम्भौता भएको दिन फाल्गुन १६ गते (२०६४ फागुन १६ गते तत्कालीन प्रधानमन्त्री श्री गिरिजा प्रसाद कोइराला र संयुक्त मधेशी मोर्चाबीच भएको ८ बुँदे सम्झौतामा मधेश शब्द उल्लेख भएको।
- माघ ५ गते वलिदानी दिवस
- मधेश मध्यदेशको अपवशित रूप हो। मध्यदेशको प्रथम राजा वैवस्वत मनु हो। मध्यदेशमा जल प्रलय हुँदा मत्स्यको सहाराले वैवस्वत मनुले नै प्रागी र बीजको रक्षा गर्न त्रिविष्टप (तिब्बत) पर्वत चढे र प्रलय पश्चात् पुनः तिनलाई लिएर मध्यदेशमा ओर्लेका थिए। यसै दिनलाई मधेश दिवसको रूपमा मनाउन उपयुक्त छ। यो तिथि चैत्र शुक्ल तृतीया हो।

Email: madheshicommission@gmail.com

३७. **मातृभाषा दशकः**

मधेशी समुदायको मातृभाषा दशक मनाउने । यसबाट विभिन्न भूगोल बीच एकताको रक्तप्रसार हुनेछ ।

३८. **मातृभाषा दिवसः-**

मधेशी समुदायको मातृभाषा दिवस मनाउने । यसबाट मधेशी समुदायको मातृभाषाहरुको संरक्षण र सशक्तिकरण हुवेछ ।

३९. **आरक्षणको नीतिः**

राज्यको मूलप्रवाहमा ल्याउन मधेशी समुदायका पछाडि परेका जातजाती (मधेशी दलित, मधेशी आदिवासी जनजाती, पीछडा वर्ग) र वर्गको घरदैलो सर्भेक्षण गराई जातजातीको लागि ६० प्रतिशत र वर्गको लागि ४० प्रतिशतमा वर्गिकरण गरी आरक्षण वा पहुँचका लागि राज्यले नीति नियमन गर्नु पर्दछ ।

४०. **महिला विदाः-**

राज्यको हरेक तह र तप्कामा सहभागितामूलक विकासक्रममा महिलाको उल्लेख्य सहभागिता रहेको छ । तर जैविक विविधताका कारण महिलाको मासिक रुपमा चार दिन उच्च रक्तश्रापको स्वास्थ्यमा प्रतिकुल प्रभाव परेको कारण महिला कर्मचारीलाई कम्तिमा ३ दिन विदा राज्यले गर्नु पर्ने ।

४१. **प्रतिवद्धताः-**

महिलाको वैवाहिक हिंसा दाइजोप्रथा र वालविवाह न्यूनीकरण गराउने उद्देश्यले सम्बन्धित वडाको सिफारिस विवाह अगाडि नै अनिवार्य रुपमा लिनु पर्ने कानुनी व्यवस्था गर्नु पर्ने ।

४२. **राष्ट्रिय एकताः** मुलुकमा One Nation, One Constitution को एकलव्यी भावनामा कानुनको निर्माण र प्रयोग हुनुपर्ने जसबाट मुलुकको एकता, अखण्डता र सामिप्यतामा अभिवृद्धि हुनेछ ।

४३. **वर्ग पहिचान र समावेशीकरणः-**

अतिविपन्न, विपन्न, मध्यम वर्ग लगायतका निरपेक्ष गरीबी रेखा मुनि भएकाहरुलाई राज्यले यर्थातताको ठोस धरातलमा रहि को-को हुन अतिविपन्न, विपन्न र मध्यम वर्गको पहिचान गरी पहिचान-पत्रको प्रबन्ध गर्नु पर्छ । यसबाट निरपेक्ष गरीबीका रेखामुनि रहेका नागरीकलाई राज्यको मुलधारमा समेटिन मदत मिल्नेछ । साथै, बहुआयामिक सशक्तिकरणमा सहयोग मिल्ने छ ।

४४. सम्पदामैत्री वातावरणः
नेपालले सभ्यताको मुहानको रूपमा परिचय स्थापित गरेको छ । यसलाई बहुआयामिक रूपमा संरक्षण, सम्बर्धन र सशक्तीकरणको लागि नेपाल सरकारले सकारात्मक र प्रभावकारी रूपमा काम गर्नुपर्ने देखिन्छ । यसवाट मुलुकको समग्रतामा बहुआयामिक सशाक्तिकरण हुनेछ ।

## मधेशी आयोगका कार्यक्रमहरुः

### मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षा कार्यक्रम

आजको मानव समाज निहित स्वार्थ, लोभ, क्रोध, झगडा, असहिष्णुता, साम्प्रदायिकता, भाषागत, सामाजिक, धार्मिक तथा जातिय विभेद जस्ता साँघुरो सोचवाट गुज्रिरहेको छ । यस्तो सोचवाट ग्रसित हाम्रो समाजलाई सकारात्मक रुपान्तरण गर्नु एउटा चुनौती हाम्रो लागि रहेको छ ।
नैतिक शिक्षाको माध्यमवाट असल व्यक्ति, असल समाज र असल चरित्रको निर्माण तथा व्यक्तिको आफ्नो क्षमता, व्यवहार, उद्देश्य, समाजप्रतिको अवधारणा सम्बन्धी सोंचको विकास तथा क्षमताहरुको अभिवृद्धिका साथै मानिसलाई नैतिकवान बनाउन मद्दत पुर्याउँदछ । मानिस नैतिक रुपमा सफा हुनु पर्दछ, जसले समाजलाई सकारात्मक तरिकावाट अगाडि बढाउदै व्यक्तिमा सदाचार, विनम्रता, सदभाव, प्रेमभाव, श्रद्धा, परोपकार जस्ता सकारात्मक पक्षले स्थान पाउँदछन् । परिवार, समाज र मुलुकलाई सहि गति र सहि दिशानिर्देश प्रदान गर्न र सामाजिक व्यवहार सुधार गर्दै नैतिकवान समाज निर्माण गर्न नैतिक शिक्षालाई अनिवार्य विषयको रुपमा पाठ्यक्रममा समावेश गर्नुपर्ने आवश्यकता बोध गरी मधेशी आयोगको ईच्छाः नैतिकवान मधेश र सशक्त नैतिक शिक्षाको लागि मधेश प्रदेशको वारा जिल्लाको कलैया उपमहानगरपालिकामा, धनुषा जिल्लाको जनकपुरधाममा, लुम्विनि प्रदेशको बाँके जिल्लाको नेपालगंजमा उक्त कार्यक्रम संचालन गरिएको थियो ।

# मधेशी आयोग

ज्वागल, ललितपुर

प.सं. २०८१।८२

फोन नं: ०१-५२६९१८५

टोलफ्रि नं: १६६००११६१८५

**सशक्तीकरण सम्बन्धी अभिमुखीकरण कार्यक्रम**

नेपालको संविधानको भावनाको मूल मर्म अनुसार संवैधानिक निकायको रुपमा स्थापित यस मधेशी आयोगले स्थापनाकाल देखि नै मधेश र मधेशी जनताको हित र रक्षाको निम्ति कार्य गर्दै आईरहेको छ । नेपाल बहुजातिक, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृतिक विशेषतायुक्त बहुलतामा आधारित मुलुक भएकोले राजनीतिक आर्थिक, सामाजिक, सांस्कृतिक र प्रशासनिक आदि आयामहरुमा बहिष्करणमा परेका र पारिएका वर्ग, क्षेत्र, लिङ्ग, समुदाय जातजातीलाई शासन विकास र सेवा प्रवाहमा मूलप्रवाहिकरण गरी समावेशी र अपनत्व सहितको राज्य स्थापना गर्ने गरी समावेशीकरण अभ्यास अवलम्वन गरिएको छ । यस सन्दर्भमा मधेशी जनताको हित रक्षा गर्न क्षमता विकास सशक्तीकरण गरी प्रशासनिक एवम राजनीतिक प्रक्रियामा पहुँच स्थापना गर्ने एवम मधेश र मधेशी समुदायको सर्वाङ्गिण विकासमा टेवा पुर्याउनका लागि आयोगले वार्षिक विकास कार्यक्रम अन्तर्गत क्षमता विकास र सशक्तीकरणका लागि कार्य गर्दै आईरहेको छ । यसै अन्तर्गत मधेशी आयोग ऐन, २०७४ को दफा ७ को उपदफा (झ) मा व्यवस्था भए बमोजिम मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको लागि चेतनामूलक कार्यक्रम संचालन गर्नलाई आयोगद्वारा अध्ययन गरिएका मधेशी समुदायभित्र आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका अति विपन्न र विपन्न वर्गका नागरिकलाई सशक्तीकरण, रुपान्तरण, सचेतीकरण, संचारीकरण, प्रसारीकरणका माध्यमबाट मुलधारमा ल्याउने ध्येयले कोशी प्रदेशको सुनसरी जिल्लाको इनरुवामा, सुदुरपश्चिम प्रदेशको कन्चनपुर जिल्लाको महेन्द्रनगरमा सम्पन्न भयो ।

**मुलुक दर्शनः**

तराई मधेशका नागरिकलाई हिमाल र पहाडका नागरिकहरुसँग समन्वय, सहकार्य, सहअस्तित्व र सहभावनालाई अभिवृद्धि गर्नुका साथै एकअर्काको भाव, भावना र भावभूमीलाई नजिकबाट पहिचान गर्नुका साथै **समत्वमा एकत्व र एकत्वमा समत्वको** पवित्र राष्ट्रिय उद्देश्यलाई परिपुर्ति गर्न आयोगले विभिन्न संघसंस्थासँग समन्वय गरी विभिन्न भूगोलका धार्मिक, सामाजिक, सांस्कृतिक केन्द्रहरुसँग विमर्श तथा अन्तरक्रिया गरी सद्भाव बढाउने कार्य गर्दै आएको छ ।

## उपलब्धी, चुनौती, सुझाव र भावी कदमहरु

### उपलब्धीहरु

मधेशी आयोग ऐन, २०७४ को दफा ८, ९, १०, र ११ माथि उल्लेखित कार्यहरुको आधारमा आयोगले आफ्नो कामकारवाहीको सम्बन्धमा बिभिन्न सरोकारवाला र विज्ञहरुसँग सल्लाह सुझाव लिई कार्य गरेको छ । विभिन्न संबैधानिक आयोगहरुसँग बैठक बसी आगामी दिनमा कसरी जान सकिन्छ भन्ने बारेमा छलफल गरिएको छ । त्यसैगरी नागरिक समाजको अगुवासँग बैठक गरिएको छ।

१. मधेश प्रोफाइल तयार भएको ।

२. नैतिकवान मधेश र नैतिक शिक्षा कार्यक्रम मधेश प्रदेशको वारा जिल्लाको कलैया उपमहानगरपालिकामा, धनुषा जिल्लाको जनकपुरधाममा, लुम्विनी प्रदेशको बाँके जिल्लाको नेपालगंजमा संचालन गरिएको थियो ।यसबाट लक्षित वर्गका लागि फलदायी परिणाम देखिएको छ ।

३. कोशी प्रदेशको सुनसरी जिल्लाको इनरुवामा, सुदुरपश्चिम प्रदेशको कन्चनपुर जिल्लाको महेन्द्रनगरमा लोकसेवा तयारी कक्षा सम्बन्धी अभिमुखीकरण कार्यकम सम्पन्न गरिएको छ । यसबाट लक्षित वर्गलाई सरकारी सेवामा पहुँचको लागि सकारात्मक विचार सहजीकरण र सम्प्रेषण भएको छ ।

४. विभिन्न माध्यमबाट आयोगमा प्राप्त उजुरीहरू सम्बन्धमा सिफारिस गरी सम्बन्धित निकायमा पठाउने कार्य तथा केही विषयमा सरोकारवाला र उजुरीकर्ता समेत राखी आयोगमा छलफल गरिएको छ। जसबाट पीडितहरुलाई केही सहजता भएको छ ।

५. सातै प्रदेशका विभिन्न जिल्लाहरूमा समन्वय र सहकार्य गरी विषयगत कार्यक्रम तथा अनुगमन गरिएको छ। यसबाट अपेक्षित वर्गहरु लाभान्वित भएका छन् ।

६. वालविवाह तथा दाइजोप्रथा अन्त्यका लागि मधेश प्रदेश अन्तर्गत रहेका आठ वटै जिल्लाका विभिन्न समुदायका धर्मगुरुहरु, वुद्धिजिवीहरु, नागरिक समाजका अगुवा तथा संचारकर्मीहरुसँग गहन अन्तरक्रियात्मक तथा प्रतिवद्धात्मक कार्यक्रम महोत्तरी जिल्लाको वर्दिवासमा सुसम्पन्न भएको छ । जसवाट विभिन्न समुदायका धार्मिक स्थलहरुमा हुने गरेको वालविवाह तथा दाइजोप्रथा निर्मुलीकरणको अभियान संचालन हुनेछ ।

७. राजनीतिककर्मी र विज्ञहरुसँग विभिन्न सामाजिक र साँस्कृतिक विषयमा छलफल गरिएको छ । जसबाट उठाइएका समस्याहरु समाधान गर्न सहज भएको छ ।

८. सामाजिक अभियन्ता तथा नागरिक संगठनहरूसँग छलफल अन्तरक्रिया गरिएको छ ।यसमा छुट भएका जातजातिहरु समावेश गरिएका छन्।

९. मिटरव्याजी पिडितहरुको मागको अनुगमन गरी सम्बोधनका लागि सिफारिस गरिएको छ । जसबाट नेपाल सरकार र आन्दोलनरत मिटरव्याजी पिडित बीचमा वार्ता भई समस्या समाधानका लागि सरकारले विभिन्न कार्यहरु गरिरहेका छन । यसका साथै मिटरव्याज पिडितलाई ठोस रुपमा पहिचान गरी लगानीकर्ताहरुसँग छलफल गरी मात्र कानुनी कारवाहीलाई अग्रसारित गर्नुपर्छ ।

१०. मधेशका ऐतिहासिक, साँस्कृतिक, पुरातात्विक तथा धार्मिक स्थलहरूको अध्ययन गरी विश्वसम्पदा सूचीमा सूचीकृत गर्न पहल गरिएको छ ।

११. मधेशी समुदायको विविध पक्षहरूलाई सशक्तीकरण गर्नका लागि विज्ञहरूसँग सामुहिक परामर्श गरी प्राप्त समस्या समाधानार्थ सहज भएको छ।

१२. महिला हिंसा, घरेलु हिसा, धार्मिक द्वन्द्व, वालविवाह तथा जातिय विभेदका घटनाको स्थलगत अनुगमन गरिएको छ, जसबाट समस्याको समाधान गर्न सहज भएको छ ।

## समस्या तथा चुनौतीहरु

आयोगले मानव स्रोत र जनशक्तिमा पूर्णता नपाउनु, आयोगको दायित्व पूरा गर्नका लागि स्रोत साधन सीमित हुनु, संवैधानिक र कानुनी जिम्मेवारी पूरा गर्न वित्तीय साधन अभाव रहनु मुख्य चुनौतीको रुपमा रहेका छन् । आयोगका अन्य चुनौतीहरु यसप्रकार रहेका छन् ।

१. बालविवाह, बहुविवाह तथा दाइजोप्रथा अन्त्यका लागि कानुन भएतापनि सो सम्बन्धमा नागरिक सचेतनाको अभावमा तराई मधेशका जिल्लाहरुमा वालविवाह, बहुविवाह तथा दाइजोप्रथाको प्रथा उन्मुलन हुन नसकिएको कारणले यसका लागि जनचेतनामूलक कार्यक्रमहरु सरोकारवालाहरुले गर्नुपर्ने देखिन्छ । जसबाट वालविवाह, बहुविवाह तथा दाइजोप्रथा जस्ता कुरीति तथा अपराधहरुमा वन्देज लाग्नेछ ।

२. मधेशी समुदायको शैक्षिक, आर्थिक, सामाजिक, सांस्कृतिक अवस्थामा गर्नुपर्ने सुधार सम्वन्धी अध्ययनको लागि प्रर्याप्त वजेटको अभाव रहनु ।

३. आयोगको आफ्नो जग्गा र उपयुक्त भवन नहुँदा कार्यालय सहजतापूर्वक सञ्चालन गर्न कठिनाई हुनु।

४. आयोगको काम बढी जसो अध्ययन, अनुसन्धान र विश्लेषणमूलक भएकोले कर्मचारी र विशेषज्ञको उपलब्धता कम हुनु तथा विज्ञ र विशेषज्ञको दरवन्दी नहुनु ।

५. मधेशी समुदायसँग सम्बन्धित एकिकृत तथ्यांकको विश्लेषणका लागि पर्याप्त बजेट नहुनु ।

६. मधेशी समुदायको अपेक्षित माग र आयोगबाट प्रवाहित सेवा बीच तालमेलको कमि हुनु।

७. सीमित जनशक्ति, अपर्याप्त बजेट र स्रोतसाधनका बावजुद मधेशी समुदायको हक हितको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गर्न सरकारलाई विश्लेषणात्मक र अनुसन्धानमूलक सुझाव दिन कठिनाई हुनु ।

८. मधेशी समुदायमा रहेको कुरीति, अन्धविश्वास, कुप्रथा र दाईजोप्रथा उन्मूलन गर्न नेपाल सरकारले आयोगलाई प्रभावकारी समन्वय गर्न सक्ने गरी क्षमता विकास गर्ने कार्य चुनौतीको रुपमा रहनु ।

९. मधेशी समुदायको हक, हित र अधिकारको संरक्षण, सम्बर्द्धन र सशक्तीकरण गरी त्यस्तो समुदायमाथि हुने सबै प्रकारका भेदभावको अन्त्य गरी समानुपातिक सहभागिता, पहुँच अभिवृद्धि र हिंसाको प्रभावकारी रुपमा निराकरण गरी मधेशी समुदायको उत्थान र विकास गर्नु ।

१०. पिडितमैत्री, जनमैत्री, समाज र समुदायमैत्री वातावरणको आवश्यकता अनुसार व्यवस्थापन गर्न कठिनाई हुनु ।

११. आयोगका कामलाई प्रभावकारी बनाउन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्पर्क तथा समन्वयको कार्यालय बनाउनुपर्नेमा आयोगले सिफारिस गरेता पनि अझै सम्म सो व्यवस्था हुन नसक्नु ।

१२. संविधानद्वारा प्रदत्त समानुपातिक-समावेशी आरक्षित पदसंख्याहरुमा विगत पाँच वर्षदेखी सुरक्षा निकायहरु लगायतका निकायहरुमा पदपूर्ति हुन नसक्नुले समुदायमा विश्वासको संकट उत्पन्न हुनु ।

१३. मधेशी आयोग लाई "राष्ट्रिय" शब्द थपि राष्ट्रिय मधेशी आयोग अझैसम्म राज्यले नामांकरण गर्न नसक्नु ।

**आयोगको अपेक्षा तथा भावी कदमहरु:-**

१. मधेशी आयोग ऐन, २०७४ अनुसार "मधेशी समुदाय" भन्नाले मधेशी आयोगको सिफारिसमा नेपाल सरकारले परिभाषित गरेको समुदाय सम्झनु पर्छ भनी परिभाषित गरेकोले यस आयोगले मधेशी समुदायको सम्बन्धमा अध्ययन अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस गर्नुपर्ने हुन्छ । मधेशी आयोग ऐन, २०७४ को दफा ७ ले यस आयोगलाई विभिन्न काम, कर्तव्य र अधिकारहरु प्रदान गरेको छ । सो ऐनको दफा ७ (ड) मा उल्लेखित कार्य मधेशी समुदायको पहिचानका सम्बन्धमा विस्तृत अध्ययन र अनुसन्धान गरी थर सूचीकृत गर्न नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने व्यवस्था रहेको छ । मधेशी समुदायको स्पष्ट पहिचान र थर सूचीकरण हुन नसक्दा मधेशी समुदाय इतरका व्यक्तिहरुले, राज्यले मधेशी समुदायलाई भनि दिएको सुविधा उपभोग गरिरहेको अवस्था एकातिर छ भने अर्कोतिर वास्तविक मधेशी समुदायका व्यक्तिहरु उक्त सुविधाबाट वञ्चित हुनु परेको छ । तसर्थ मधेशी समुदायको स्पष्ट पहिचानका आधारहरु तोकि थर सूचीकरण गर्नु अति आवश्यक र कानुनी रुपमा बाध्यकारी समेत भएको कुरालाई आत्मसात गर्दै चालु वर्षमा यस शिर्षकमा आयोगलाई बजेट विनियोजन नभएको हुँदा प्रथम तथ्याङ्कको आधारमा थर सूचीकृत गर्ने कार्यका लागि बजेटमाग गरी रकम प्राप्त भएमा यो कार्यक्रम सम्पन्न गर्ने लक्ष्य थियो तर बजेट शून्य भएको कारण उक्त कार्य सम्पन्न हुन सकेन तर, अपेक्षा रहेको छ ।

२. मधेशी आयोग ऐन, २०७४ को प्रस्तावनामै मधेशी समुदायको इतिहास र संस्कृतिको पहिचान, हक हितको संरक्षण, सम्बर्द्धन तथा मधेशी समुदायको सशक्तीकरण गर्नको लागि मधेशी आयोगको आवश्यकता भएको विषयलाई जोड दिएको छ । मधेशी आयोग ऐन, २०७४ को दफा ७ ले यस आयोगलाई विभिन्न काम, कर्तव्य र अधिकारहरु प्रदान गरेको छ । सो ऐनको दफा ७ (क) मा मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी तत्सम्बन्धमा गर्नुपर्ने नीतिगत, कानूनी र संस्थागत सुधारका विषयमा नेपाल सरकार समक्ष सिफारिस गर्ने व्यवस्था रहेको छ । तदअनुरुप यस आयोगबाट अध्ययन, अनुसन्धान गर्न पञ्चवर्षिय रणनीतिक योजना अन्तर्गत विभिन्न २० वटा कार्यदल गठन गरी काम गर्ने लक्ष्य रहेको सन्दर्भमा प्रथम तथ्याङ्कको आधारमा मधेश पार्श्वचित्र (प्रोफाइल) निर्माण सम्बन्धी कार्यदल पनि एक रहेकोले सोही बमोजिम मधेश प्रोफाईल निर्माणको कार्यक्रम सम्पन्न गरिनेछ । आधाजसो जनसंख्या बसोवास गर्ने मधेशमा अझै पनि आर्थिक, सामाजिक, सांस्कृतिक रुपान्तरण अपेक्षित रुपमा हुन नसकेको सन्दर्भमा त्यहाँको भूगोल, जनसंख्या, भू-उपयोग, प्रमुख पेशा, उत्पादन, प्राकृतिक श्रोत साधन, शिक्षा, स्वास्थ्य र खानेपानी तथा सरसफाईको अवस्था, धार्मिक सम्पदा, सडक संजाल, उद्योगधन्दा, कलकारखाना, सञ्चारमा पहुँच लगायतका विषयहरुमा केन्द्रित भई वास्तविक चित्र समेटेर

अर्थविद, योजनाविद, भूगोलविद, जनसंख्याविद लगायत क्षेत्रगत विषयविज्ञहरु, वुद्धिजिवी, नागरिक समाजका अगुवाहरु, राजनीतिक दल, लक्षित क्षेत्रका प्रतिनिधि तथा राष्ट्रिय सभाका सदस्य, प्रदेश सभाका सदस्य र स्थानीय तहका सदस्यहरुसँग अन्तरक्रिया तथा छलफल गरी विज्ञको सहायतामा सबै स्थानीय तहको लागि प्रोफाईलमा समेटिने विषयवस्तुको आधारमा नमूना प्रोफाइलको विकास गरिनेछ ।चालु वर्षमा यस शिर्षकमा आयोगलाई बजेट विनियोजन नभएको हुँदा नमूना प्रोफाइल तयार गर्ने कार्यका लागि बजेट माग गरी रकम प्राप्त भएमा यो कार्यक्रम सम्पन्न गर्ने लक्ष्य रहेको छ र अझै सम्म बजेट विनियोजन हुन सकेको छैन ।

३. मधेशी आयोग ऐन, २०७४ को दफा ९ मा आयोगले यो ऐन र प्रचलित कानुन बमोजिम सम्पादन गर्नुपर्ने कुनै काम आयोगमा कार्यरत जनशक्तिबाट सम्पादन हुन नसक्ने भएमा त्यसको कारण खुलाई प्रचलित संघीय कानुन बमोजिम विशेषज्ञको सेवा लिन सक्नेछ भन्ने व्यवस्था रहेको छ । मधेशी समुदायको समग्र स्थितिको अध्ययन गरी नीतिगत कानुनी र संस्थागत सुधारको विषयमा, मधेशी समुदायको हक हितको संरक्षण र सम्बर्द्धन तथा त्यस्तो समुदायको सशक्तीकरणको सम्बन्धमा भइरहेको कानुनी, नीतिगत तथा संस्थागत व्यवस्थामा गर्नुपर्ने सुधारको सम्बन्धमा र मधेशी समुदायको अधिकार उलंघन गर्ने व्यक्ति वा संस्थाको विरुद्ध उजुरी संकलन गरी सो उपर छानविन तथा तहकिकात गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने कार्यको लागि यस आयोगमा कार्यरत जनशक्तिबाट मात्र सम्पादन हुन नसक्ने भएकोले कानुनी विशेषज्ञको आवश्यकता भएकोले राजपत्राङ्कित द्वितीय श्रेणीको शुरु तलब पाउने गरी एक जना कानुनी विज्ञ व्यवस्था गर्न र सो को लागि आयोगमा वजेट विनियोजन नभएकोले थप बजेट समेत निकासाको लागि अनुरोध गर्ने । साथै सोही ऐनको दफा ७ मा व्यवस्था भए बमोजिम मधेशी समुदाय भित्र आर्थिक वा सामाजिक रुपमा पछाडी परेका व्यक्तिको विकास र सशक्तीकरणको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न, मधेशी समुदाय भित्रका विभिन्न भाषा लिपी, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको अध्ययन अनुसन्धान गरी त्यस्तो भाषा, लिपी, संस्कृति, इतिहास, परम्परा, साहित्य, कलाको संरक्षण र विकासको लागि कार्यक्रम तर्जुमा गर्न, मधेशी समुदायको विद्यमान कुरीति, अन्धविश्वास तथा सवै प्रकारको शोषणको अन्त्य गर्न वा मधेशी समुदायको सशक्तीकरणको लागि यस आयोगमा कार्यरत जनशक्तिबाट मात्र सम्पादन हुन नसक्ने भएकोले सामाजिक तथा संस्कृति विज्ञ आवश्यकता भएकोले राजपत्राङ्कित द्वितीय श्रेणीको शुरु तलब पाउने गरी एक जना सामाजिक तथा सांस्कृतिक विज्ञ व्यवस्था गर्न र सो को लागि आयोगमा वजेट विनियोजन नभएकोले थप बजेट समेत निकासाको लागि अनुरोध गर्ने ।सो अनुसार सिफारिस राखिएतापनि बजेटको अभावमा हुन सकेन तर, अपेक्षा रहेको छ ।

४. मधेशी समुदायको गौरवपूर्ण भाषा संस्कृति परम्पराको संरक्षण र प्रवर्द्धनका रचनात्मक कार्यक्रमहरू तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्न आवश्यक मानवीय वित्तीय र भौतिक स्रोत साधन नेपाल सरकारबाट प्राप्त गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने ।

५. मधेशी आयोग ऐन, २०७४ ले निर्दिष्ट गरेका कार्यहरु सम्पन्न गर्नका लागि निर्माण गरिएको पञ्चवर्षिय रणनीतिक योजना-अनुसार विविध क्षेत्रका विज्ञहरुको राय सुझाव अनुसार क्रमशः कार्यान्वयन गर्दै जाने ।

६. आयोगलाई सूचना प्रविधीमैत्री गराउदै काम कारवाहीमा सूचना प्रविधिको प्रयोग बढाउदै लैजाने ।

७. मधेशी समुदाय भित्रका लक्षित वर्गको उत्थान तथा सशक्तीकरणको लागि प्रभावकारी रुपमा विविध कार्यक्रम संचालन गरिने ।

८. मधेशी समुदायको हक हित संरक्षण गर्दै अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्था विरुद्धको उजुरी संकलन, सिफारिस तथा अनुगमनलाई स्वस्फूर्तरुपमा सञ्चालन गर्दै लगिनेछ। कानुनी सल्लाहका लागि एकजना कानुन विशेषज्ञको सेवा आयोगले नेपाल सरकारबाट अपेक्षा गरेको छ । यसका साथै, मधेशी आयोग ऐन २०७४ को दफा ७ को (ठ) मा संशोधन गरी "उजुरी माथी छानविन गर्ने" अधिकारको प्रत्याभूति गर्नुपर्ने ।

९. मधेशी समुदाय सम्बन्धमा नेपाल पक्ष भएका अन्तराष्ट्रिय सन्धी सम्झौता कार्यान्वयन भए नभएको अनुगमन गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि सिफारिस गरिनेछ वा सुझाव दिईनेछ ।

१०. आयोगको संस्थागत विकास अन्तर्गत पर्ने भवन तथा भौतिक संरचना निर्माण वा प्राप्तिको लागि आवश्यक पहल गरिने छ।

११. सरोकारवाला सरकारी तथा गैरसरकारी निकायहरुसँग समन्वय, सहकार्य गरी आयोगका क्रियाकलापहरुमा गुणात्मक सहभागिता वृद्धि गर्ने।

१२. संवैधानिक मर्म अनुसार आयोगको कार्यक्षेत्र भित्रका विषयहरुमा निरन्तर रुपमा अनुगमन, मूल्याङ्कन र समीक्षा गर्दै लैजाने ।

१३. सम्बन्धित क्षेत्रका ख्यातिप्राप्त विज्ञहरुको राय सुझावको आधारमा संविधानले तोकेका आयोगको काम, कर्तव्य साथै अधिकारका विषयहरुमा आयोगको कार्य सम्पादनलाई थप प्रभावकारी पार्दै लैजाने ।

१४. मधेशी समुदायसँग सम्बन्धित एकीकृत तथ्याङ्कलाई सरल, एकिकृत र व्यवस्थित रुपमा राखी वहुउपयोगी बनाउदै लैजाने र मधेश प्रोफाइललाई २०७८ को जनगणनाको प्राथमिक तथ्याङ्क अनुसार अद्यावधिक गर्ने ।

१५. प्राप्त थर सूचीकरणको प्रतिवेदनलाई प्राथमिक तथ्याङ्कको आधारमा स्वरुप प्रदान गर्ने कार्यक्रम कार्यान्वयका लागि नेपाल सरकारमा सिफारिस गर्ने ।

१६. मधेशी समुदायको राज्यमा पहुँचको अवस्था सम्बन्धी अध्ययन, अनुसन्धान कार्य द्वितीय तथ्याङ्कको आधारमा भएतापनि प्राथमिक तथ्याङ्कको आधारमा तयार गर्न थप बजेटको अपेक्षा गरेको छ ।

१७. आयोगले निरन्तर समस्याहरुका समाधानका लागि सिफारिस गरेतापनि अझैसम्म राज्यले संवेदनशिल हुन नसकेको अवस्था रहेको छ ।

१८. संघीय संसदका प्रतिनिधसभा र राष्ट्रियसभाका समितिहरुले संसदमा नीति निर्माण भन्दा पहिले आयोगसँग मधेशी समुदायको चुनौती र अवसरहरु के के रहेका छन् भन्ने कुराको आयोगको स्थापना भएको छैठौ वर्षसम्म गहन छलफल हुन नसकेकोले आगामी आर्थिक वर्षमा संसदमा प्रस्तुत हुने नीति तथा कार्यक्रम भन्दा पूर्व अनिवार्य रुपमा आयोगको सल्लाहकारी भूमिकालाई स्वीकार र अंगिकार गर्नुपर्ने देखिन्छ ।

१९. पर्यावरण संरक्षणका लागि नेपाल सरकारले पर्यावरणमैत्री अवस्थाको सृजना गर्नुपर्ने जसबाट वन तथा वातावरण, नदीजन्य व्यवस्थापन तथा जलचरको यथोचित व्यवस्थापन हुनेछ ।यसका साथै आपदा, विपदालाई अवसरमा रुपान्तरण हुनेछ ।

२०. शिक्षाको आधारभुत तहसम्म अनिवार्य रुपमै मातृभाषामा पठनपाठनको व्यवस्थापन गर्नुपर्ने ।

२१. शिक्षा ऐनलाई समाज उपयोगी बनाई शिक्षामा गुणस्तरीय परिवर्तन गरी यूवाशक्ति आय आर्जन तथा समाजमा जिम्मेवारीपूर्ण वातावरण बनोस् जसबाट मुलुक विकासको अग्रगतितिर लम्किनमा सहजता प्रदान हुनेछ । यसका लागि विद्यालयमा मानविय जनशक्ति, भौतिक पूर्वाधार, शैक्षिक सामाग्री विद्यार्थी अनुसारका दरबन्दी र दरबन्दी अनुसारका शिक्षक अविलम्ब व्यवस्था हुनुपर्नेछ ।

२२. लक्षित कक्षासम्मका विद्यार्थीहरुलाई दिवाखाजाको कार्यक्रम रहेता पनि सो अनुसारका सम्भव भएसम्म रैथाने/स्थानीय रुपमा उत्पादित वस्तुहरुको प्रयोग गरी गुणस्तरीय तथा स्वास्थ्यवर्द्धक खाजाको व्यवस्थापन अनिवार्य गर्नुपर्दछ ।

२३. विद्यालयमा सवै वालवालिकाहरुको पहुँच हुनुपर्ने, नामांकित गरिएका विद्यार्थीहरुको उपस्थिति सकेसम्म सत प्रतिशत हुनुपर्ने, विद्यार्थीको अध्ययनलाई अविरल रुपमा संचालनका लागि व्यवस्था गरिएका छात्रवृतिलाई प्रभावकारी रुपमा वितरण गर्नुपर्ने । एउटै विद्यालयमा विद्यार्थीहरुलाई उपस्थितिको लागि अनिवार्यता गर्ने,

२४. प्रभावकारी सुशासनको माध्यमले शिक्षा, यातायातका संशाधन, स्वास्थ्य, खानेपानी सहितका सामाजिक सूचकहरुमा सकारात्मकता ल्याई मुलुकलाई समृद्धितिर डोर्याउनुपर्ने । यसका साथै समाजका अति महत्वपूर्ण वर्ग ज्येष्ठ नागरिकका ज्ञान, सिप र क्षमतालाई सदुपयोग गरी मुलुकको विकासलाई द्रुतगति अगाडि बढाउनुपर्ने तथा ज्येष्ठ नागरिक र सामाजिक सुरक्षा प्राप्त गर्ने वर्गहरुले प्राप्त गर्दै आउदै गरेका सामाजिक सुविधाहरुलाई तीनै तहका सरकारले समयमै नियमित रुपमा उपलब्ध गराउदा ती व्यक्तित्वहरुलाई सम्मानको भावनामा वृद्धि हुनेछ तथा जीवनयापनमा सहजता प्राप्त हुनेछ ।

२५. तराई मधेशमा विकराल रहेका विवाहदर्ता, जन्मदर्ता र मृत्युदर्ताको समयावधि ३५ दिन रहेता पनि व्यवहारतः सो समयावधि भित्र घटना दर्ता गरेको देखिदैन । यो अवस्थाको निर्मुलीकरण गर्न स्थानीय सरकारका वडा कार्यालयले स्थलगत वा परिवारगत रुपमा दर्ता हुने गरी व्यवस्था गरेमा घटना दर्ता सम्बन्धी समस्या न्यून हुने देखिन्छ । घटना दर्तालाई प्रभावकारी बनाउनका लागि सरोकारवाला सबैले आवश्यक व्यवस्थापनमा ध्यान दिन आयोग ठम्याई रहेको छ । साथै, प्रविधिको माध्यमबाट तोकिएका म्यादभित्र निशुल्क पञ्जिकरण हुने कानुनी व्यवस्था रहेकोले सो कानुनी व्यवस्थालाई अक्षरसः अंगिकार गर्न तीनै तहका सरकार तथा सरोकारवालाहरुले सामाजिक तथा कानुनी सचेतनाका लागि प्रभावकारी प्रयास गर्नुपर्ने देखिन्छ ।

नरेश राज खरेल
(सचिव)